प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय,
**भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र,**
**प्रदेश नं.१ पाँचथर**
(कार्यक्षेत्र : पाँचथर र ताप्लेजुङ्ग)

फोन/फ्याक्स नं./इमेल
०२४-५२०१२७/०२४-५२०४६९
vhlspanchthar@gmail.com
web-vhlecpanchthar.p1.gov.np

# युवा लक्षित पशु विकास कार्यक्रमको प्रस्ताव आव्हान सम्बन्धि सूचना

**सूचना नं.४-२०७६/०७७**

प्रथम पटक सूचना प्रकाशित मिति : २०७६/१२/१०
दोश्रो पटक सूचना प्रकाशित मिति : २०७६/१२/२५
**तेश्रो पटक सूचना प्रकाशित मिति : २०७७/०१/२९ गते**
**प्रस्ताव पेश गर्ने अन्तिम मिति: २०७७/०२/१२ गतेसम्म**

यस बिज्ञ केन्द्रको आ.व.०७६/०७७ को युवालक्षित पशु विकास कार्यक्रम अनुसार **पाँचथर र ताप्लेजुङ्ग जिल्लामा** देहाय बमोजिमको कार्यक्रमहरु कार्यान्वयनको लागि कृषि व्यवसाय प्रबर्द्धन अनुदान कार्यविधि, २०७६ ले तोके बमोजिमका शर्तहरु पालना गरी साझेदारी गर्न इच्छुक १८ देखि ५० बर्षका आवेदकहरुबाट प्रस्ताव आव्हानको लागि मिति २०७६/१२/१० मा प्रथम पटक, मिति २०७६/१२/२५ मा दोश्रो पटक सूचना प्रकाशन गरिएकोमा कोभिड-१९ (कोरोना भाइरस) बाट श्रृजना भएको हालको लकडाउनको अवस्थालाई मध्यनजर गर्दै जिल्ला अनुदानग्राही छनौट समितिको **मिति २०७७/०१/२८ गतेको बैठकको निर्णय अनुसार सूचना प्रकाशन भएको मितिबाट १५ (पन्ध्र) दिनभित्र प्रस्ताव पेश गर्न हुन तेश्रो पटक यो सूचना प्रकाशन गरिएको छ**। रीत नपुगी आएको तथा वा म्याद नाघि आएको प्रस्तावहरु छनौटको लागि समावेश हुन नसक्ने ब्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराइन्छ ।

थप जानकारीको लागि भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, पाँचथरको फोन नं.०२४-५२०१२७, ५२०४६९ वा मोवाइल नं.९८५२६६०१२७ सम्पर्क राख्न र सूचना, कार्यविधि तथा प्रस्ताव, निवेदनको नमूना फर्मेट विज्ञ केन्द्रको वेवसाइट http://vhlecpanchthar.p1.gov.np/ बाट डाउनलोड वा सम्बन्धित विज्ञ केन्द्र पाँचथर/सम्पर्क केन्द्र ताप्लेजुङ्गबाट प्राप्त गर्न सकिनेछ। एउटै प्रकृतिका कार्यक्रमको लागि भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय वा सो अर्न्तगतका निकायहरुबाट अनुदान प्राप्त गरेका व्यवसायी वा संस्थाले ३ बर्षसम्म अनुदान प्राप्त गर्ने छैन ।

**प्रस्ताव पेश गर्नको लागि कार्यक्रमहरुको विवरण:**

| क्र.सं. | कार्यक्रमको विवरण | अधिकतम साझेदारी रकम (प्रति प्रस्तावक) | प्रस्ताव पेश गर्न सक्ने सम्बन्धित साझेदारहरु |
|---|---|---|---|
| १. | **युवालक्षित पशु विकास कार्यक्रम** (गाई,भैसी,बाखा,बंगुर,कुखुरा,पशुजन्य उद्योग/पशुपन्छी बजार प्रबर्द्धन) | रु.२,५०,०००।- देखि ५,००,०००।० सम्म | प्रथम पटक सूचना प्रकाशन भएको मिति अगावै कानून बमोजिम दर्ता भएका फर्म/कम्पनी/निजी उद्यमी/व्यवसायीहरु |

**अनुदान उपलब्ध हुने क्षेत्र**

पशुपन्छीपालन/दुध तथा दुधजन्य पदार्थ/मासु तथा अण्डाजन्य पदार्थ उत्पादन विविधिकरण र बजारीकरणको लागि आवश्यक पर्ने भौतिक पुर्वाधार विकास/ऊन, पश्मिना/छाला र छालाबाट निर्मित बस्तुहरुको उत्पादन, विविधिकरण, प्रशोधन, भण्डारण र बजारीकरणको लागि आवश्यक पर्ने भौतिक पूर्वाधार विकास, उपकरंण, औजार खरिद गर्न ।

**बिषेश ग्राहयता :**

शिक्षित वेरोजगार/एकल महिना/दलित/जनजाति/पिछडिएको वर्ग/महिला/सम्बन्धित बिषयमा तालिम प्राप्त युवाहरु/वैदेशिक रोजगारबाट फर्किएका युवाहरु

**प्रस्तावसाथ संलग्न हुनु पर्ने कागजातहरु :**

१.नेपाली नागरिकताको प्रतिलिपी २.तोकिए बमोजिमको आवेदन
३.तोकिए बमोजिमको संक्षिप्त कार्ययोजना ४.स्थानीय तह (पशुपन्छी सेवा शाखाको सिफारिस पत्र)
५.शैक्षिक योग्यता, तालिम, एकल महिला भए प्रमाणित गर्ने कागजात, विदेशबाट फर्केको भए पासपोर्ट आदिको प्रतिलिपी
६.व्यवसाय दर्ता, नवीकरण, भ्याट, प्यान प्रमाणपत्र तथा अघिल्लो आ.व.को लेखापरीक्षणको प्रतिलिपी
७.जग्गा भाडामा भए १० बर्षको भाडाको संझौताको प्रमाणपत्र तथा धनिपुर्जाको प्रतिलिपी
८.साझेदार फर्मको हकमा कार्यसमिति, सञ्चालक समितिको बैठकको निर्णको प्रतिलिपी र कार्यक्रम कार्यान्वयन गर्ने प्रतिबद्धताको निर्णयको प्रतिलिपी
९.लागत साझेदारी गर्ने प्रतिबद्धता १०.विगत ३ बर्षमा सोहि प्रकृतिको कार्यक्रमबाट अनुदान नलिएको स्वघोषणा

**प्रस्ताव बुझाउने स्थान र माध्यम :**

सामाजिक दूरी कायम गरी भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, पाँचथर (सम्पर्क ९८५२६६०१२७) र सम्पर्क केन्द्र ताप्लेजुङ्ग (सम्पर्क ९८५२६६०१७६) मा बुझाउन वा प्रस्तावको पूर्ण कागजातहरुको स्क्यानकपी (पाँचथर जिल्लाको लागि vhlspanchthar@gmail.com र ताप्लेजुङ्ग जिल्लाको लागि vhlstaplejung.kendra@gmail.com) इमेल मार्फत (लकडाउन खुलेपछि सक्कल कागजातहरु संलग्न रहेको फायल बुझाउने गरी) दर्ता गर्न सकिनेछ ।

डा.इन्द्र नारायण शाह
कार्यालय प्रमुख